लेखापरीक्षण प्रतिवेदन

लो-घेकर दामोदरकुण्ड गाउँपालिका, मुस्ताङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

लो-घेकर दामोदरकुण्ड गाउँपालिका, मुस्ताङ

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८

च.न :APPROVED/FAR/2081-82/LOC/187

श्रीमान् अध्यक्षज्यु,
लो-घेकर दामोदरकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
चराङ, मुस्ताङ ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/187

मिति : २०८३-१-२८

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्रीमान् अध्यक्षज्यू,
लो-घेकर दामोदरकुण्ड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
चराङ, मुस्ताङ।

१. कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यस सँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी राय सहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पालिकाबाट पेस भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यस सँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय व्यय तर्फ रु. ४३ करोड ३१ लाख ८८ हजारको लेखापरीक्षण गरिएकोमा रु. २६ लाख ८२ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. २३ लाख ३२ हजारको सम्परीक्षण भई असुल गर्नुपर्ने रु. ३४ हजार र नियमित गर्नुपर्ने रु. ३ लाख १६ हजार समेत यस वर्षको बाँकी बेरुजु रु. ३ लाख ५० हजार (लेखापरीक्षण अङ्कको ०.०८ प्रतिशत) रहेको छ। गत वर्षसम्म रु. २ करोड ४८ लाख ९० हजार बेरुजु बाँकी रहेकोमा यस वर्षको थप समेत हालसम्मको अद्यावधिक बाँकी कुल बेरुजु रु. २ करोड ५२ लाख ४० हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता राख्दा नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षण सँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय

सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षण सँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।



(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
६५	२६	२६,८२,०१४	०	२२	२३,३१,६७८	०	६५	४	३,५०,३३६	३४,३७६	३,१५,९६०	०	०	०	३,१५,९६०	०

अद्यावधिक बेरुजु स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मुस्ताङ	२,४८,९०,०४५	0	०	२,४८,९०,०४५	0	३,५०,३३६	२,५२,४०,३८१

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं.	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको बेहोरा	सम्परीक्षण भएको रकम
प्रारम्भिक प्रतिवेदन उपरको प्रतिक्रियाबाट सम्परीक्षण				
१	२०८१/८२	६८	स्थानीय भत्ता भुक्तानी:	४,३२०
२	२०८१/८२	७५.२	सामाजिक सुरक्षा भत्ताः	२४,४००
३	२०८१/८२	७८.४	सवारी साधन सञ्चालन खर्चः	३९,०००
४	२०८१/८२	४१	वास कार्यक्रमः	१,१५,७६०

५	२०८१/८२	५९	लो-घेकर गुम्बा पुन: निर्माणः	३८,०००
६	२०८१/८२	६७	भरपाई बेगर भत्ता भुक्तानी:	११,९००
७	२०८१/८२	३२	बिल भन्दा बढी भुक्तानीः	६०,६८०
८	२०८१/८२	३४	बिल बीजक बेगर खरिदः	२,२१,१९७
९	२०८१/८२	६०	बायोमेट्रिक डिभाइसः	१,२९,४९८
१०	२०८१/८२	३३	प्रतिलिपी बीजकः	४,६९,३८१
११	२०८१/८२	२१	पेश्की बाँकीः	४,९५,०००
१२	२०८१/८२	३६	दुर सञ्चार बीजकः	२२,८८२
१३	२०८१/८२	७२.१	घुम्ती विद्यालय सञ्चालन खर्चः	१,३९,८०७
१४	२०८१/८२	३७	घुम्ती विद्यालयको पेस्कीः	२,००,०००
१५	२०८१/८२	६१	घमि पुरानो गुम्बा मर्मत सम्भारः	२,४३,७११
१६	२०८१/८२	५१	ग्राफिक डिजाईनः	२०,०००
१७	२०८१/८२	६३	कच्ची मोटरबाटोः	६९,३४६
१८	२०८१/८२	६६.२	उत्कृष्ट कर्मचारी पुरस्कारः	२६,७९६
जम्मा				**२३,३१,६७८**

लो-घेकर दामोदरकुण्ड गाउँपालिका, मुस्ताङ

(८०४४१५०३३००)

लो-घेकर दामोदरकुण्ड गाउँपालिका , मुस्ताङ

परिचय

१

क) कार्यालय परिचय: स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ।

ख) लेखापरीक्षणको उद्देश्य: लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

ग) लेखापरीक्षणको क्षेत्र र अवधि: यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। पालिकाको स्थलगत लेखापरीक्षण २०८२ भाद्र महिनामा गरिएको छ।

घ) लेखापरीक्षण विधि: लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्बनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका बेहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरू सँग छलफल सम्पन्न गरी कायम भएका बेहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

ङ) लेखापरीक्षणको सीमा: लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेस भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका बेहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

च) आर्थिक कारोबारको स्थिति: यस वर्ष पालिकाको आय - व्ययतर्फ रु. ४३ करोड ३१ लाख ८८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु: लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छन्।

ज) लेखापरीक्षणको क्रममा असुली: लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १०७५८५।०० असुल भई दाखिला गरेको प्रमाण पेस भएको छ।

क्र.सं.	दाखिला विवरण	दाखिला मिति	रकम रु.
१	बढी भुक्तानी भएको रकम एक कर्मचारीबाट असुल भई संघीय बेरुजु खातामा दाखिला	०८२।०५।२६	२०००
२	बढी भुक्तानी भएको रकम एक कर्मचारीबाट असुल भई संघीय बेरुजु खातामा दाखिला	०८२।०५।१६	२५८४
३	बढी भुक्तानी भएको पारिश्रमिक एक कर्मचारीबाट असुल भई संघीय बेरुजु खातामा दाखिला	०८२।०५।१६	५२०७६
४	बढी सोधभर्ना भुक्तानी भएको रकम एक कर्मचारीबाट असुल भई संघीय बेरुजु खातामा दाखिला	०८२।०५।१६	३१६५०
५	बढी भुक्तानी भएको स्थानीय भत्ता एक कर्मचारीबाट असुल भई संघीय बेरुजु खातामा दाखिला	०८२।०७।०२	१९२७५
	जम्मा		**१०७५८५**

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक कारोबारको एकीकृत विवरणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण तपशिल बमोजिम रहेको छ।

क्र.सं.	आय			क्र.सं.	व्यय		
	विवरण		रकम		विवरण	रकम	
१	गत वर्षको जिम्मेवारी			१	गाउँपालिका तर्फ		
	१.१	संचित कोष	५४१८२६०२.१७		१.१	चालु खर्च	४३८६९९४६.७५
	१.२	धरौटी खाता	९०४५६९५.३२		१.२	पुँजीगत खर्च	६०८७२०१९.७२
	१.३	प्रकोप व्यवस्थापन कोष	५११७०२३.०९	२	संघीय सरकार तर्फ		
	१.४	विविध खर्च खाता	२९९११७.९८		२.१	सशर्त चालु	३६५६४५०४.४१
	१.५	विविध कोष खाता	२००३०००.००		२.२	सशर्त र बिशेष अनुदान	३०२४९७२५.००
	१.६	आकस्मिक कोष खाता	१३३०५.००	३	प्रदेश सरकार तर्फ		
२	यस वर्षको आय				३.१	समपुरक अनुदान	४३५५६००.००
	२.१	आन्तरिक आय	१३७३१८०.५७		३.२	विशेष अनुदान	२७२१४००.००
३	संघीय हस्तान्तरण			४	अन्तरसरकारी हस्तान्तरण		
	३.१	समानिकरण अनुदान	६३४९७९२०.००		४.१	सामाजिक सुरक्षा तथा संरक्षण	१०८७३७३३.००
	३.२	सशर्त अनुदान	७४६५६०००.००	५	फिर्ता रकम		
	३.३	राजस्व बाँडफाँट	४११७१७००.९२		५.१	संघीय सरकार	१६८५६३६३.५९
	३.४	विशेष अनुदान	९०१४५९३.००		५.२	प्रदेश सरकार	०.००
	३.५	समपुरक अनुदान	०.००	६	६.१	धरौटी फिर्ता र सदरस्याहा	२०३५५२०.००
४	प्रदेशबाट हस्तान्तरण			७	स्रेस्ता अनुसारको विविध कोष तर्फको खर्च		
	४.१	समानीकरण अनुदान	३७५२०००.००		७.१	विविध खर्च खाता	४०८०५१.००
	४.२	विशेष अनुदान	२७२१४००.००		७.२	विविध कोष खाता	०.००
	४.३	समपुरक अनुदान	४३५५६००.००		७.३	प्रकोप व्यवस्थापन कोष	०.००
	४.४	राजस्व बाँडफाँट	७३७८३०६.४८		७.४	आकस्मिक कोष खाता	०.००
५	अन्तरसरकारी हस्तान्तरण				७.५	अन्य कोष	०.००
	५.१	सामाजिक सुरक्षा तथा संरक्षण	१०८७३७३३.००	८	स्रेस्ता अनुसार मौज्दात		
६	धरौटी प्राप्ति		४१५०२६५.००		८.१	संचित कोष खाता	६६६१३७४३.९९
७	कार्यसञ्चालन कोष तर्फ प्राप्त आय (स्रेस्ता अनुसार)				८.२	धरौटी खाता	१११६०४४०.००
	७.१	प्रकोप व्यवस्थापन कोष खाता	०.००		८.३	विविध खर्च खाता	३२७५६६.८१
	७.२	विविध खर्च खाता	४३६४९९.८३		८.४	प्रकोप व्यवस्थापन कोष	५११७०२३.०९
	७.३	विविध कोष खाता	१००००००.००		८.५	विविध कोष खाता	३००३०००.००
	७.४	आकस्मिक कोष खाता	०.००		८.६	आकस्मिक कोष खाता	१३३०५.००
जम्मा आय			**२९५०४१९४२.३६**			**जम्मा व्यय**	**२९५०४१९४२.३६**

स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ।

पालिकाको आर्थिक कारोबारको एकीकृत विवरण सम्बन्धमा देखिएका अन्य बेहोरा निम्न अनुसार छन्।

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ।)

३ **वित्तीय विवरणको यथार्थताः**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षण तर्फको रु. १,०८,७३,७३३.०० को कारोबार सुत्र प्रणालीबाट तयार भएको आर्थिक विवरणमा समावेश भएको छैन।

४ **बजेट सीमा निर्धारण समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेतापनि तोकिए बमोजिम कार्य भएको छैन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गर्ने गराउने तर्फ सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

५ **बजेट तथा कार्यक्रम तर्जुमाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार पालिकाले समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

६ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ। पालिकाको २०८१।०८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको छ।

सि.नं.	क्षेत्र/उपक्षेत्र	बजेट	खर्च	प्रतिशत
१	आर्थिक विकास	२८९९९०००	२०३९४३८७	११
२	पूर्वाधार विकास	६०८०००००	४०१९६४१८	२३
३	सामाजिक विकास	८९६५८०००	७२१३३३६४	४०
४	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	१६७१०२२५	१०८२०८२८	६
५	कार्यालय संचालन तथा प्रशासनिक	४६३७७७७५	३५०८८१९८	२०
	जम्मा	**२४,२५,४५,०००**	**१७,८६,३३,१९५**	**१००**

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकास तर्फ ४० प्रतिशत र सबैभन्दा कम संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ ६ प्रतिशत खर्च भएको छ। पालिकाले कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चलाई मितव्ययी बनाउँदै आर्थिक, सामाजिक तथा पूर्वाधार विकास तर्फ विनियोजन र खर्चलाई बढाउनुपर्ने देखिन्छ।

७ बजेट पेस, पारित र अख्तियारीः

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाका उपाध्यक्षले मिति २०८१।०३।०९ गते रु. २४ करोड २५ लाख ४५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

८ त्रैमासिक पुँजीगत खर्चः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रम कार्यान्वियन गर्दा त्रैमासिक प्रगति विवरण बनाई पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष रू. १७ करोड ८६ लाख ३३ हजार निकासा तथा खर्च भएकोमा पुँजीगत खर्च तर्फ प्रथम त्रैमासिकमा रु. १ करोड २४ लाख ५८ हजार अर्थात १२.६९ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ५० लाख ५१ हजार अर्थात ५.१४ प्रतिशत, तेश्रो त्रैमासिकमा रु. २४ लाख २९ हजार अर्थात २.४७ प्रतिशत र चौथो त्रैमासिकमा रु. ७ करोड ८२ लाख ६० हजार अर्थात ७९.७० प्रतिशत खर्च गरेको देखिएको छ भने असार महिनामा मात्र जम्मा पुँजीगत खर्चको ७५.०३ प्रतिशत खर्च भएको छ। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।

क्र.सं.	बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				असार महिनाको खर्च
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	
१	चालु खर्च तर्फ	८०४३४४५०.७४	१२०२९५६५.६८	१२१००३२०.८१	१९०१६२२५.८१	३७२८८३३८.४४	३०४८३९७२.४२
२	पुँजीगत खर्च तर्फ	९८१९८७४४.७२	१२४५८४६९.००	५०५१२२६.००	२४२८८१२.००	७८२६०२३७.००	७३६७५६२६.७२
	जम्मा	१७८६३३१९५.४६	२४४८८०३४.६८	१७१५१५४६.८१	२१४४५०३७.८१	११५५४८५७५.४४	१०४१५९५९९.१४
	पुँजीगत खर्च प्रतिशत		१२.६९	५.१४	२.४७	७९.७०	७५.०३

९ आन्तरिक नियन्त्रण प्रणालीः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम प्रत्येक स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका केही बेहोराहरु देहाय बमोजिम रहेका छन्।

क्र.सं.	शिर्षक	आन्तरिक नियन्त्रण प्रणालीमा गर्नुपर्ने सुधारका क्षेत्रहरु
१.	कानुनी व्यवस्था	· स्थानीय कानूनहरु राजपत्रमा प्रकाशित गरी तर्जुमा भएका कानूनहरु पूर्ण र प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ। · स्थानीय तह, प्रदेश सरकार र अन्नपूर्ण संरक्षण क्षेत्र बीच प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका विषयमा समन्वय भएको नदेखिँदा संविधान अनुसार आवश्यक समन्वय हुनुपर्दछ।
२.	वित्तीय विवरण र खर्च व्यवस्थापन	· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्दछ। · विद्युत महशुल भुक्तानी गर्दा मिटर रिडिङको प्रमाण संलग्न गर्नुपर्दछ।
३.	योजना तर्जुमा, बजेट र कार्यक्रम	· बजेट तर्जुमाका लागि तोकिएका समितिको भूमिका प्रभावकारी बनाउनु पर्दछ। · आयोजनाहरुको प्राथमिकीकरण वस्तुनिष्ठ तवरले हुनुपर्दछ। · साना आयोजनाहरु नियन्त्रण गरी दीर्घकालीन महत्वका आयोजनाहरुमा लगानी गर्नुपर्दछ। · आयोजना बैङ्कमा प्रविष्टी भए अनुसार आयोजनाहरु छनौट गर्नुपर्दछ। · उपभोक्ता समिति मार्फत गराएको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्नुपर्दछ। · वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची बमोजिम सडकहरु निर्माण, १०० मि. सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नति लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ बमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा पालिकाले सोको कार्यान्वयन गरी अभिलेख राख्नुपर्दछ।
४.	खरिद व्यवस्थापन	· पालिकाबाट संचालन भएका विभिन्न आयोजनाहरु कार्यान्वयन गर्न गठन गरिएका उपभोक्ता समितिहरु संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार दर्ता गर्नुपर्दछ। · स्वामित्व नभएको जग्गामा सामुदायिक भवनहरु निर्माण वा मर्मत सुधारमा खर्च गरेको देखिँदा सो कार्यमा नियन्त्रण हुनुपर्दछ।
५.	आन्तरिक स्रोत परिचालन	· आन्तरिक स्रोतको आँकलनलाई सही र यथार्थ बनाउनु पर्दछ। · आन्तरिक आय सङ्कलन पूर्ण रुपमा बैङ्क मार्फत गर्नुपर्दछ। नगद कारोबारलाई यथासंभव शुन्यमा झार्नुपर्दछ। · राजस्व सङ्कलन सम्बन्धमा सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने नगरेको देखिएकोले त्यसमा सुधार हुनुपर्दछ। · प्राकृतिक स्रोतबाट रोयल्टी प्राप्त गर्न उचित समन्वय र सहकार्य गर्नुपर्दछ।
६.	अनुदान तथा सहयोग	· खर्चको आवश्यकता, उपलब्ध स्रोत र खर्च गर्नसक्ने क्षमताको विश्लेषण गर्नुपर्दछ। · अनुदान वितरणको मापदण्ड तयार गर्नुपर्दछ। · वितरीत अनुदानको उपयोग, उपलब्धिको लेखाजोखा तथा अनुगमन गर्नुपर्दछ।
७.	लेखापरीक्षण र सम्परीक्षण	· आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियतहरु अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्दछ। · लेखा समितिलाई स्वतन्त्र र प्रभावकारी बनाउनु पर्दछ। · बेरुजुको अद्यावधिक लगत तयार गर्नुपर्दछ।
८.	प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्थापन	· कानून नबनाई, आन्तरिक स्रोत मजबुत नभई प्रोत्साहन भत्ता लगायतका भत्ता भुक्तानीलाई कडाईका साथ नियन्त्रण गर्नुपर्दछ। · तलबी प्रतिवेदन तयार नगरी कर्मचारीको पारिश्रमिक खर्च लेख्नु हुँदैन। · पदाधिकारी तथा कर्मचारीहरुको आचारसंहिता पालनाको स्थिति मूल्यांकन गरी अभिलेख राख्नुपर्दछ। · कर्मचारीले कार्यविवरण बमोजिम काम गरे नगरेको अभिलेख राख्नुपर्दछ।
९.	चालु खर्च	· चालु प्रकृतिका खर्चमा भएको बढोत्तरीलाई कटौती गर्नुपर्दछ। · विविध खर्चको मापदण्ड तयार गरी मितव्ययिता कायम गर्नुपर्दछ।
१०.	सेवा प्रवाह	· जाडो महिनामा वैकल्पिक सेवाप्रवाह प्रभावकारी बनाउनु पर्दछ। · सेवाको गुणस्तर मापनको संयन्त्र निर्माण गर्नुपर्दछ। · सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्बन्धी निर्देशिका, २०७३ को दफा २५ बमोजिम सूचना माग र प्रवाहको अभिलेख व्यबस्थापन गर्नुपर्दछ। · सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र बनाउनु पर्दछ। · जिम्मेवारी र जवाफदेहिता वहन गर्न जिम्मेवारी तोकी संयन्त्र निर्माण गर्नुपर्दछ।
११.	कोष	· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले

		गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोले सो बमोजिमको प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गर्नुपर्दछ।
१२.	फोहरमैला व्यवस्थापन	· पर्यटकीय तथा धार्मिक स्थलहरुको फोहरमैला वर्गीकरण, सङ्कलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यवस्थित रुपमा गर्नुपर्दछ।
१३.	जिन्सी तथा सम्पत्ति व्यवस्थापन	· ईन्धन लगायत सबै सम्पत्ति प्राप्ति र खर्चलाई PAMS मा प्रविष्ट गर्नुपर्दछ। · जिन्सी निरीक्षण प्रतिबेदनको पूर्ण र प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

तसर्थ: माथि उल्लिखित बुँदा समेतलाई ध्यान दिई आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

१० सेवा प्रवाहको स्थितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ।

विवरण		सिफारिस भएको सङ्ख्या
पञ्जिकरणतर्फ	निवेदन दर्ता	
जन्मदर्ता	३२	३२
मृत्युदर्ता	२५	२५
बसाईसराई दर्ता	५	५
विवाह दर्ता	११३	११३
सम्वन्ध विच्छेद	१३	१३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम पालिकाबाट प्रदान गरिने सेवा प्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनको विवरण लेखापरीक्षणको समयमा पेश भएको छैन। पालिकाको वार्षिक क्रियाकलापको अभिलेख व्यवस्थित नगरेको कारण लेखापरीक्षणमा विवरण पेश भएको नदेखिएकोले पालिकाको अभिलेख तथा प्रतिवेदन प्रणाली चुस्त दुरुस्त राख्नुपर्दछ।

११ सार्वजनिक परीक्षणः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

१२ फोहोरमैला व्यवस्थापनः

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहोरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। पालिकाले फोहोर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहोरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

१३ अनुदानको अनुगमनः

सार्वजनिक निकायबाट उपलब्ध गराइएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ। पालिकाले देहाय अनुसार विभिन्न कृषकहरुलाई बीउबिजन, विषादी, बाली उपचार बापत अनुदान प्रदान गरी यस वर्ष रु. १९ लाख ८७ हजार ६५० खर्च लेखेको छ। तर पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन। साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन।

तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

अनुदानको किसिम	लाभग्राही संख्या	अनुदान रकम
बीउ बिजन खरिद तथा वितरण कार्याक्रम	१९०	५०००००
विषादी खरिद तथा वितरण कार्याक्रम	५९	३०००००
बाली उपचार	३२०	२८७६५०
जम्मा	**५६९**	**१०८७६५०**

१४ आयोजनाको प्राथमिकीकरणः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरिएको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरी सोही अनुसार प्राथमिकताका आधारमा आयोजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार २८ आयोजनामा बजेट विनियोजन गरेको छ।

विवरण	रु. ५ लाख भन्दा कमका	रु. ५ लाख देखि २० लाख सम्मका	रु. २० लाख भन्दा बढीका	जम्मा आयोजना
वडा गत आयोजना	५	१८	५	२८

उपर्युक्त विवरणअनुसार साना र वितरणमूखी आयोजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित आयोजनाबाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। तसर्थ पालिकाले वस्तुनिष्ठ तवरले आयोजना प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

१५ विविध खर्चः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान बमोजिम आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विविध खर्चतर्फ रु. १० लाख बजेट विनियोजन गरी रु. ६,३६,६९५.०० खर्च गरेको छ। पालिकाको आन्तरिक आम्दानी रु. १३,७३,१८१.०० रहेकोमा सोको ४६.३६ प्रतिशत विविध खर्च शिर्षकमा खर्च भएकोले चालु प्रकृतिका खर्च गर्दा पालिकामा हुने आन्तरिक आम्दानीलाई समेत ध्यान दिई खर्चको मापदण्ड बनाई खर्च गरी अनावश्यक खर्च नियन्त्रण गर्नुपर्दछ।

१६ डीपीआर खर्चः

सार्बजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ को दफा २२ बमोजिम विद्यमान जनशक्तीबाट सम्पादन नहुने जटिल प्रकृतिको प्राबिधिक र उच्च व्यवसायिक ज्ञान सिप आवश्यक पर्ने कार्यबाहेक बाह्य परामर्श सेवाबाट काम गर्न वा गराउन नपाइने व्यवस्था छ। पालिकामा अनुभवी ईन्जिनियर सहित अन्य प्राबिधिक कर्मचारीहरु, सूचना प्रविधि अधिकृत, प्रशासनिक तथा वित्त सम्बन्धी कर्मचारीहरु कार्यरत रहेको अवस्थामा निम्न आयोजनाहरुको डिपीआर तयार गर्ने कार्य परामर्शदाताबाट गराई रु. ९६४९०८।०० भुक्तानी भएको छ।

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डीपीआर तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गरी कार्यालयको प्राविधिक जनशक्तिबाटै यस्तो कार्य गराउनु पर्दछ।

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
चराङ सभाहल निर्माण	एपसाइन कन्सलटेन्सी	४७२७३५.५०	४६६३५२	१३८९०६३०.८६
चराङ सेदाङ दोर्जे गुम्बा विद्यालयमा पुस्तकालय भवन निर्माण	एवनि इन्जिनियरिङ सोलुसन एण्ड कन्सलटेन्सी प्रा.लि.	४९९५४८.००	४९८५५६	३६०२५९८५.६५

१७ **आर्थिक सहायताः**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नुपर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी परम्परागत तिज मेला व्यवस्थापन समितिलाई रु. १२७३५०।०० र विभिन्न व्यक्तिहरुलाई रु. ६५०००।०० समेत जम्मा रु. १९२३५०.०० आर्थिक सहायता वितरणमा खर्च गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. १३७३१८०।५७ को १४ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड बेगर आर्थिक सहायता वितरण गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

१८ **प्रधानमन्त्री रोजगार कार्यक्रम:**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। व्यवस्थित रुपमा कार्यक्रम सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ कार्यान्वयनमा रहेको छ। यस वर्ष पालिकाले १६४ जना सूचीकृत बेरोजगार श्रमिक मध्ये ५ वटै वडाका ५० जनालाई औषत ९४ दिन रोजगारी उपलब्ध गराई रु. ३८,२९,५६०.०० खर्च गरेको छ। पालिकाका नियमित आयोजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजना छनौट गर्दा आयोजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। दोहोरो नहुने गरी आयोजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना हुने ज्ञान तथा सीप विकास भएको देखिँदैन। तसर्थः कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तबरले पूर्ण रोजगारीको स्थिति हासिल गर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

वडा नं.	कार्यक्रम/आयोजना सञ्चालन	रोजगार संख्या	कुल खर्च रकम
१	माङगा पाइप लाईन विस्तार तथा मर्मत	६	४४९३०४
१	दाती फु जाने गोरेटो बाटो मर्मत	१०	७५५८२४
२	घमी सिँचाई कुलो मर्मत	५	४२२९२०
२	ढाक्मर खेत पर्खाल मर्मत	५	४२१३६८
३	घिलिङ सिँचाई कुलो तथा गोरेटो बाटो मर्मत	७	५२८४५६
४	घारा, यारा तथा आम्का बाटो मर्मत	९	६७९७७६
५	ध्ये सिचाई कुलो तथा ताङ्ग्या खेत पर्खाल मर्मत	८	५७१९१२
	जम्मा	**५०**	**३८,२९,५६०**

१९ **वित्तीय प्रतिवेदनहरुको सार्वजनिकीकरणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ८ मा वित्तीय विवरण तथा प्रतिवेदनको व्यवस्था गरिएको छ। कार्यालयले नियमावलीको नियम ७३ बमोजिम महिना समाप्त भएको ७ दिन भित्र खर्चको फाँटवारी, फर्स्यौट हुन बाँकी पेस्कीको विवरण, राजस्व र धरौटीको विवरण, राजस्वको बैङ्क हिसाबको विवरण, धरौटीको हिसाब मिलान विवरण र सम्पत्ति तथा प्रतिबद्धताको विवरण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा रहेको अभिलेख सँग रूजु गरी तालुक कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेकोमा कार्यालयले सो गरेको पाइएन। नियमानुसार तोकिएको समयमा वित्तीय विवरण तथा प्रतिवेदन तयार गरी पठाउने व्यवस्था गर्नुपर्ने देखिन्छ।

२० **कर्मचारी कल्याण कोषः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले कर्मचारी कल्याण कोष स्थापना गरी पालिका सञ्चित कोषबाट रु. ३० लाख ३ हजार रकम जम्मा गरेको छ। स्पष्ट कानुनी व्यवस्थाको आधारमा मात्र यस प्रकारका कोषहरुको सञ्चालन हुनुपर्दछ।

२१ **पेश्की बाँकीः**

(..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **४९५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२२ **पदाधिकारी सेवा सुविधाः**

नेपालको संविधानको धारा २२७ मा उल्लेखित गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेशले गाउँ सभा, नगर सभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ। पालिकाले यस वर्ष पदाधिकारी सेवा सुविधामा देहाय बमोजिम रु. ५४ लाख ६३ हजार ४६० खर्च गरेको छ।

सि.नं.	विवरण	अध्यक्ष	उपाध्यक्ष	वडा अध्यक्ष ५ जना	कार्यपालिका सदस्य ११ जना	सभाका सदस्य २३ जना	जम्मा
१	बैठक भत्ता	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको
२	यातायात खर्च	०	०	०	१०८०००	१८००००	२८८०००
३	टेलिफोन, मोबाइल	६००००	४८०००	२१००००	२१६०००	२४००००	७७४०००
४	पुस्तक,पत्रीका,ईन्टरनेट	६००००	४८०००	२१००००	२१६०००	२४००००	७७४०००
५	समन्वय तथा सहजीकरण	८४०००	७२०००	१५००००	१८००००	१२००००	६०६०००
६	अतिथि सत्कार	१२००००	८४०००	३६००००	२८८०००	३०००००	११५२०००
७	चाडपर्व खर्च	२५०००	२५०००	१०००००	१०८०००	१५००००	४०८०००
८	इन्धन	०	१९५६०	९७८००	०	०	११७३६०
९	अनुगमन सुविधा	१०८०००	१२००००	३६००००	३९६०००	३६००००	१३४४०००
	जम्मा	**४५७०००**	**४१६५६०**	**१४८७८००**	**१५१२०००**	**१५९००००**	**५४६३३६०**

२३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कनको अभिलेख नियमित रुपमा अद्यावधिक गर्नुपर्दछ।

२४ **भुक्तानी कारोबारको सिफारिस पत्र (म.ले.प.फा.नं. २०२):**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ र नियामवली, २०७७ को नियम ३९ मा भुक्तानीलाई व्यवस्थित र प्रभावकारी बनाउने सम्बन्धी व्यवस्था रहेको छ। जसका लागी म.ले.प.फा.नं. २०२ को व्यवस्था भएको छ। कार्यालयमा भुक्त्तानीको लागि प्राप्त भएका बिल, भरपाई र आवश्यक कागजात संलग्न गरी प्राविधिक तथा अन्य शाखाबाट भुक्तानी कारोबारको सिफारिस पत्र (म.ले.प.फा.नं. २०२) मार्फत सिफारिस भई आर्थिक प्रशासन शाखामा प्राप्त भएपछि भुक्तानी गर्नुपर्नेमा सो गरेको देखिएन। कार्यालयमा हुने खर्च तथा कार्यालयबाट हुने भुक्तानीलाई प्रभावकारी र व्यवस्थित बनाउन भुक्तानी कारोबारको सिफारिस पत्र (म.ले.प.फा.नं. २०२) को अनिवार्य प्रयोग गर्नुपर्दछ।

२५ **कानून र सञ्चालन स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। स्थानीय तह सञ्चालनको लागि पालिकामा हालसम्म ३ वटा ऐन, ३ वटा नियमावली, १८ कार्यविधि, २ निर्देशिका, १ विधेयक लगायत २७ वटा कानुन निर्माण र राजपत्रमा प्रकाशन गरी कार्यान्यिनमा रहेका छन्। न्यायिक समितिमा कुनै पनि उजुरी नपरेको विवरण पालिकाबाट प्राप्त भएको छ।

क्र.सं.	कानूनको विवरण	सभाबाट स्वीकृत	राजपत्रमा प्रकाशन
१.	दालोमे गाउँकार्यपलिका (कार्यसम्पादन) नियमावली, २०७४	२०७४/०३/३०	२०७४/०४/०५
२.	गाउँपालिका आयोजाना व्यवस्थापन रकम (कन्टिन्जेन्सी रकम) खर्च सम्बन्धी कार्यविधि, २०७५	२०७५/०१/२८	२०७५/०१/२९
३.	गाउँपालिका विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७५	२०७५/०२/२५	२०७५/०२/२७
४.	करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५	२०७५/०५/११	२०७५/०५/१३
५.	गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसयी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५	२०७५/०७/११	२०७५/०७/१३
६.	अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५	२०७५/०८/१३	२०७५/०८/१४
७.	सवारी चालक, कार्यालय सहयोगी र दैनिक ज्यालादरीमा कर्मचारी भर्ना गर्ने कार्यविधि, २०७५	२०७५/१२/०८	२०७५/१२/१०
८.	उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६	२०७६/०४/२९	२०७६/०४/३०
९.	स्थानीय तह प्रकोप व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७७	२०७७/०१/२९	२०७७/०१/३०
१०.	खानेपानी तथा साना सिंचाई उपभोक्ता समिति दर्ता नवीकरण सम्बन्धी कार्यविधि, २०७७	२०७७/०३/११	२०७७/०३/१३
११.	गाउँ कार्यपालिकाकको बैठक संचालन सम्बन्धी कार्यविधि, २०७८	२०७८/११/११	२०७८/११/१२
१२.	गाउँपालिकाको न्याय सम्पादन सम्बन्धि कार्यविधि, २०७८	२०७८/११/११	२०७८/११/१४
१३.	गाउँपालिकाको राजपत्र सम्बन्धि कार्यविधि, २०७८	२०७८/११/१२	२०७८/११/१४
१४.	गाउँपालिकाको सामाजिक समावेशीकरण नीति, २०७८	२०७८/११/१२	२०७८/११/१४
१५.	कर्मचारी कल्याण कोष सञ्चालन (कार्यविधि) ऐन, २०७९	२०७९/१२/१५	२०७९/१२/१६
१६.	गाउँ कार्यपालिका (कार्य संचालन) निर्देशिका, २०८०	२०८०/०८/१८	२०८०/०८/२२
१७.	गाउँ कार्यपालिका (कार्य विभाजन) नियामावली, २०८०	२०८०/०८/१८	२०८०/०८/२२
१८.	विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०८०	२०८०/०८/१८	२०८०/०८/२२
१९.	सार्वजनिक सुनुवाई कार्यविधि, २०८०	२०८०/०८/१८	२०८०/०८/२२
२०.	विधायन समिति (गठन तथा सञ्चालन) कार्यविधि, २०८०	२०८०/०८/१८	२०८०/०८/२२
२१.	मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०८०	२०८०/०८/१८	२०८०/०८/२२
२२.	टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०८०	२०८०/०८/१८	२०८०/०८/२२
२३.	व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०८०	२०८०/०८/१८	२०८०/०८/२२
२४.	न्यायिक समितिले उजुरिको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि सम्बन्धी विधेयक, २०८०	२०८०/०८/१८	२०८०/०८/२२
२५.	एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८०	२०८०/०८/१८	२०८०/०८/२२
२६.	परम्परागत उपचार पद्धति (सोवा रिग्पा) संरक्षण तथा व्यवस्थापन सम्बन्धमा बनेको ऐन, २०८०	२०८०/०८/१८	२०८०/०८/२२
२७.	फोहोरमैला व्यवस्थापन ऐन, २०८०	२०८०/०८/१८	२०८०/०८/२२

२६ **आवधिक योजनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्ने व्यवस्था छ। यस पालिकाले आवधिक योजना तयार गरेको भएतापनि वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा

आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालबसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजनाको पूर्ण र प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

२७ सहकारी सञ्चालन तथा नियमनः

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) प्रविष्टी गर्नु पर्ने व्यवस्था छ। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण प्रविष्टी गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

२८ कार्य सञ्चालन कोषः

पालिकामा निम्नानुसारका कार्य सञ्चालन कोषहरु रहेका छन्। आवश्यक कानूनी व्यवस्था गरेर सोही बमोजिम यस किसिमको कोषहरु सञ्चालन गर्नुपर्दछ।

कोषको नाम	सुरु मौज्दात	यो वर्ष थप	यो वर्षको खर्च	बाँकी
कमर्चारी कल्याण कोष	२००३०००.००	१००००००.००	०.००	३००३०००.००
विपद व्यवस्थापन कोष	५११७०२३.०९	०.००	०.००	५११७०२३.०९
विविध खर्च खाता	२९९११७.९८	४३६४९९.८३	४०८०५१.००	३२७५६६.८१
आकस्मिक कोष खाता	१३३०५.००	०.००	०.००	१३३०५.००

२९ आन्तरिक आयको योगदानः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्नसक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको योगदानको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
१४,३०,८७,०२६	१३,७३,१८१	०.९५

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.९५ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

३० धरौटीः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ परिच्छेद ७ मा धरौटी सम्बन्धी व्यवस्था गरिएको छ। नियमावलीको नियम ६४ को उपनियम १ मा धरौटी खातामा जम्मा गरेको धरौटी रकमको नामनामेसी खुलाई गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था गरिएको छ। नियमावलीको नियम ६५ बमोजिम जफत भएको धरौटी रकम र नियम ६६ बमोजिम धरौटी रकम सम्बन्धित व्यक्तिलाई फिर्ता गर्ने र फिर्ता हुन नसकेका धरौटी रकम नियमावलीको नियम ६७ अनुसार राजस्वमा दाखिला गर्ने र नियम ६८ अनुसार राजस्व आम्दानी बाँध्ने व्यवस्था कार्यालयले गर्नुपर्दछ।

३१ दर्ता नभएको सँग खरिदः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यलयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ती, फर्म, संस्था वा कम्पनीबाट खरिद गर्नुपर्ने व्यावस्था रहेको छ। साथै सोही नियमको उपनियम २(१) मा बीस हजार रुपैया भन्दा कम रकमको मालसामान खरिद गर्दा वा निर्माण गराउँदा मूल्य अभिवृद्धि करमा दर्ता नभएको सँग खरिद गर्न सकिने व्यावस्था रहेको छ। पालिकाको कृर्षि शाखाबाट

घुम्ती स्थलगत कृषक तालिम सञ्चालन बापत एक कर्मचारीलाई रु. १८८४६०।०० भुक्तानी गरेकोमा निम्न बमोजिमको एउटै बिलबाट बीस हजार माथिको भुक्तानी भएको देखिएकोले खर्च रकम अनियमित भएको हुनाले नियमित हुनुपर्ने रु.

नाम	बीजक नं.	रकम
पोखरा कृर्ष सामग्री भण्डार प्रा.लि.	११९५	४००००
हिमालयन खाजा घर	१०	२९२५०
लुम्बिनी गेष्ठ हाउस एण्ड रेस्टुरेन्ट	४२८	२९२५०
कुञ्ज होटल एण्ड रेस्टुरेन्ट	००५	२९०००
लोप्साङ सपिङ सेन्टर	२१६	६०९६०
जम्मा	-	१८८४६०

अनियमित भएको	१,८८,४६०

३२ **बिल भन्दा बढी भुक्तानीः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **६०,६८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३३ **प्रतिलिपी बीजकः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **४६९,३८१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३४ **बिल बीजक बेगर खरिदः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **२२१,१९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३५ **ज्याला र ढुवानी भाडा भुक्तानी:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी बजेट खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसार उपभोक्ता समितिबाट सिँचाई कुलो मर्मत, नदी नियन्त्रण, तारजाली निर्माण जस्ता कार्य गराएकोमा ज्यामी बापतको ज्यालामा डोर हाजिरी राखी म्यानुअल रकम बुझाएको भरपाई र ढुवानी भाडाको लिखितम धनिका नाम बेहोराको भरपाई गराई सो बापतको रकम पालिकाबाट भुक्तानी दिएको देखियो। यसरी सरकारी रकम र सो सँग सम्बन्धित आर्थिक कारोबार गर्दा बैंकिङ प्रणाली मार्फत गरी पारदर्शी खर्च गर्नुपर्ने देखिन्छ। बैकिङ प्रणाली मार्फत ज्याला भुक्तानी नभएको र ढुवानीको रितपुर्वकको बिल पेश नगरेको देखिँदा आगामी दिनमा सुधार हुनुपर्दछ। यस सम्बन्धी केही उदाहरणहरु निम्नानुसार रहेका छन्।

गो.भौ.नं. र मिति	उ.स.को नाम	लागत अनुमान	उ.स.को अंश	खुद भएको काम	ज्यालामा भुक्तानी रु.	ढुवानी भाडा रू.
१५-०८१।०८।०७	चराङ गुम्बा संरक्षण उ.स.	२०३१५३३	१८८५३२	२०३८३७७	११०७९५६	३९३०००
४०-०८२।०३।१६	घमी स्याउबारी स्तरोन्नति उ.स.	२१७६२९४	२३८११४	२१७९११४	८५८१७८	४७०८७०
५४-०८२।०३।१६	ताङ्वे स्याउबारी ग्याविन निर्माण उ.स.	१६१५०२४	१६९०३७	१६१०११३	१००८६४०	७००००

३६ **दुर सञ्चार बीजकः**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **२२,८८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३७ **घुम्ती विद्यालयको पेस्कीः**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **२००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

पेश्की	०

३८ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेकोमा उठाएको छैन। पालिकाको क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

३९ **कर तथा शुल्क असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ। पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले पालिकाले यथार्थ आय सङ्कलन गरेको सम्बन्धमा यकिन हुन सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

४० **संघीय सञ्चित कोषमा फिर्ताः**

अघिल्लो आर्थिक वर्ष २०८०/०८१ मा ग १.१ - आन्तरिक राजश्व खातामा खातामा जम्मा गरिएको बेरुजु रकम संघीय राजश्व खातामा जम्मा गर्न भनी एक जना कर्मचारीले रु. ५०००००.०० पेस्की लिई गो.भौ.नं, २५ बाट सो पेस्की फर्स्यौट गरेकोमा बेरुजु बापतको रकम राजश्व शिर्षक १५१११ मा दाखिला भएको प्रमाण पेश नभएको भनी आन्तरीक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको देखिएकोले यस विषयमा कार्यालयले यकिन गरी स्रेस्ता अद्यावधिक गर्नुपर्दछ।

४१ **वास कार्यक्रमः**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **४८,३६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **५८,१५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **९,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

४२ **नन् फाईलरः**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले मूल्य अभिवृद्धि करको विवरण खुलाई भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले गो.भौ.नं. २३०-०८२।०३।२४ बाट ध्ये सालिग्राम निर्माण सेवा (६०९७४४१३२) को बिजक नं. २ मिति २०८२।०३।१० अनुसार चरन खर्क सुधार कार्यक्रम अन्तर्गत ताङ्गे पशुपालन तथा कृषि व्यवसाय फर्मलाई खर्क सुधार कार्यका लागि ५० प्रतिशत अनुदान बापत रु. ६ लाख भुक्तानी दिएको छ। पशुपालन तथा कृषि फर्मले उक्त बिलबाट रु. १२,२३,३५६.०० सामान खरिद गरेकोले रु. १,४०,७४०.०० मू.अ.कर समेत भुक्तानी भएको छ। ऐनमा भएको व्यवस्था विपरीत सो निर्माण सेवा नन् फाईलर रहेकोले सोको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई दिनुपर्दछ।

४३ **विज्ञापन तथा सूचना प्रकाशन खर्चः**

विज्ञापन बोर्डको चलानी नम्बर ६६ मिति २०८०।०६।०१ को पत्रानुसार विज्ञापन नियमावली, २०७७ को नियम ६(क) को उपनियम २ मा सरकारी निकायले सूचना तथा विज्ञापन प्रकाशन बापत भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार गरेको भए सम्बन्धित सञ्चार माध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन वा सूचना प्रकाशन गरेको भए सञ्चार माध्यमले विज्ञापन एजेन्सीलाई जारी गरेको बीजकको प्रतिलिपी सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवसस्था छ। कार्यालयले सो बमोजिमको बीजकहरु पेश नगरी विज्ञापन तथा सूचना प्रकाशनमा रु. १७२०४३.०० खर्च लेखेको देखिएकोले सो खर्च रकम सही र यथार्थ रहेको सम्बन्धमा यकिन गर्न सकिएन।

भौचर नम्बर	**विज्ञापन एजेन्सी**	**भुक्तानी रु.**
३२७,३४०-०८२।०२।२९	स्टार एडभरटाईजिङ एण्ड मल्टी मिडिया प्रा.लि.	७११९०
३६१-०८२।०३।०५	ग्लोबल ट्रेड कन्सर्न प्रा.लि.	१००८५३
	जम्मा	**१७२०४३**

४४ **फोटोकपी पेपरः**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २२५२२ - रोजगार सेवा केन्द्रको लागि ४ पटक सम्म खरिद गर्ने लक्ष्य रहेकोमा मसलन्द शिर्षकमा रु. १ लाख बजेट विनियोजन भएको देखियो। पालिकाले गो.भौ.नं. १६७-०८२।०३।१७ बाट लक्ष्मी देवी स्टेशनरी एण्ड जनरल सप्लायर्सको बिल नं. ४८९ मिति २०८२।०३।१७ अनुसार २५ बाकस फोटोकपी पेपर खरिद गरी मू.अ.कर सहित रु. ९८,८७५.०० खर्च लेखेको छ। आवश्यकताको पहिचान गरी फोटोकपी पेपर खरिद गर्नुपर्नेमा वर्षान्तमा फोटोकपी पेपर खरिद गरेको देखिएकोले विनियोजित बजेटको लक्ष्य अनुसार प्रगति हासिल हुनेगरी खरिद गर्नुपर्दछ।

४५ **अवलोकन भ्रमणः**

अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा २१(४) बमोजिम प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजश्व र यस ऐन बमोजिम राजश्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ। सोहि ऐनको दफा २८ बमोजिम अनुदान रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोहि प्रयोजनमा प्रयोग गर्नुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयको चलानी नम्बर १२१-२०७८।०३।२७ को पत्रबाट वित्तीय समानीकरण अनुदानको प्रयोग सम्बन्धमा थप स्पष्ट गरी परीपत्र भएको देखिन्छ। सो परीपत्रले स्थानीय तहलाई उपलब्ध हुने वित्तीय समानीकरण अनुदानको रकमबाट स्थानीय तहले प्रशासनिक खर्च गर्न नमिल्ने हुँदा आन्तरिक आय तथा राजश्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट मात्र प्रशासनिक खर्च गर्न मिल्ने स्पस्ट गरेको देखिन्छ। पालिकाले अघिल्ला आर्थिक वर्षहरुमा खर्च नभई बचत रहेको समानीकरण अनुदानलाई यस बर्ष जिम्मेवारी सार्दा आन्तरिक आयमा देखाउने गरेको र सोही रकमबाट २८ जना जनप्रतिनिधि तथा कर्मचारीहरु रुपन्देही जिल्लास्थित स्थानीय तहहरुमा अवलोकन भ्रमण गई कावेली नेपाल टुर्स प्रा.लि. (६०६९०३७१६) को बीजक संलग्न गरी रु. ९ लाख ७७ हजार ६७६।०० खर्च लेखेको तथा खर्च रकमबाट भएको उपलब्धि मापन गर्ने आधार नदेखिएकोले यस किसिमको अनुत्पादक खर्चलाई नियन्त्रण गर्ने तर्फ सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

४६ **विषादी खरिदः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(११) बमोजिम सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोबार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना, हानि नोक्सानी वा लापरबाही हुन नपाउने गरी उचित प्रबन्ध मिलाउनु पर्ने व्यवस्था छ। कार्यालयले पोखरा कृषि सामग्री भण्डार प्रा.लि. (६१०१९६८४५) को बीजक संलग्न गरी [भौचर नं. २३१-०८१।१२।२१] रु. २ लाख ९८ हजारको विषादी खरिद गरी कृषकलाई वितरण गरेको छ। खरिद गरेको विषादीले मानव स्वास्थ्यमा पार्ने प्रतिकूल प्रभावको विषयमा परीक्षण गरेको देखिएन। साथै विषादी प्राप्त गर्ने कृषकहरुलाई प्रयोग गर्ने विधि सम्बन्धमा प्रशिक्षण दिएको समेत देखिएन। विषादी रहित कृषि उत्पादनमा जोड दिई मानव स्वास्थ्यलाई असर गर्ने विषादी खरिदमा खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

४७ **तरकारीको बीउबिजन खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले रु. १ लाख भन्दा बढीको सामान खरिद गर्न लागत अनुमान तयार गर्नुपर्ने र तयार गरिएको लागत अनुमान अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५(क) बमोजिम मालसामान खरिद गर्नु अघि ऐनको दफा ४ बमोजिमको स्पेशिफिकेसन, योजना, विशेष आवश्यकता वा अन्य विवरण तयार गरी गराई नियम १४ बमोजिम स्वीकृत गराउनु पर्ने व्यवस्था छ। सोही नियमावलीको नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधीनमा रही सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतलाई आधार लिनुपर्ने व्यवस्था छ। कार्यालयले पोखरा कृषि सामग्री भण्डार प्रा.लि. (६१०१९६८४५) को बीजक संलग्न गरी काँक्रो, सिमी, धनिया लगायतको बीउ खरिद बापत भौचर नं. २२९-०८१।१२।२१ बाट रु. ४ लाख ९९ हजार भुक्तानी गरेको छ। जिल्लामै रहेको शितोष्ण बागबानी विकास केन्द्र, मार्फाले निर्धारण गरेको दररेटमा लागत अनुमान तयार गर्नुपर्नेमा त्यसो नगरी निजी क्षेत्रका आपूर्तकहरु सँग दररेट माग गरी लागत अनुमान तयार गरेकोले खरिदकार्य मितव्ययी र कानून सम्मत देखिएन। खरिद गरिएका बीउ बीजनबाट किसानहरुले गरेको उत्पादनको अनुगमन र अभिलेख समेत राखेको नदेखिएकोले खरिद मूल्य र बीउबीजनको उत्पादन क्षमताको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन हुनुपर्दछ।

४८ **सोझै खरिदः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार पालिका अन्तर्गत यस वर्ष ६ आयोजनमा रु. २२ लाख ९१ हजार सोझै खरिद भएको छ। प्रतिस्पर्धात्मक लागतमा मितव्ययी तवरले खरिद गर्नुपर्दछ।

क्र.सं.	उपशीर्षकको नाम	खर्च शीर्षक नं.	संख्या	खर्च रकम
१.	गाउँपालिका पुँजीगत विभिन्न आयोजनाहरु र संघीय सशर्त अनुदानका आयोजनाहरु	३१११२/३११५१	६	२२९०९६६.३२

४९ **ठेक्का अभिलेख (म.ले.प.फा.नं.५०७):**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

५० **अधुरा आयोजनाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार आयोजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नुपर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। पालिकाले यो वर्ष देहायअनुसार रु. ६ करोड ७७ लाख ९१ हजार ५१० का दुई आयोजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ। यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ। समयमै आयोजना सम्पन्न नभई अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता आयोजना अलपत्र अवस्थामा समेत रहेका छन्। यस सम्बन्धमा पालिकाले आवश्यक सुधार गर्नुपर्दछ।

क्र.सं.	निर्माण कार्य	निर्माण व्यवसायीको नाम	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	गत वर्षसम्मको खर्च	यो वर्षको खर्च	जम्मा खर्च	भौतिक प्रगति
१	पाँच शैय्याको अस्पताल निर्माण	डाँफे सन्त जे.भी.	०७८।१२।२८	०८२।०८।२९	२८१४८७५४	३४४६८१११	६२६१६८६५	७१.२९
२	चराङ सभाहल निर्माण	तिलाचन कन्स्ट्रक्सन	०८१।१०।१४	०८३।०३।१५	०	५१७४६४५	५१७४६४५	५२.१२
	जम्मा		-	-	**२८१४८७५४**	**३९६४२७५६**	**६७७९१५१०**	

५१ **ग्राफिक डिजाईनः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-९-३०** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५२ **वितरणमुखी खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। संस्कृति, पर्व, परम्परा लगायतको सञ्चालन खर्चमा कार्यविधि बेगर निम्नानुसार रु. १ लाख २७ हजार खर्च गरेकोमा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिँदैन। तसर्थ वितरणमुखी खर्चलाई पारदर्शी बनाई नियन्त्रण गर्न कार्यविधि निर्माण गर्नुपदर्छ।

क्र.सं.	भौचर नम्बर/मिति	कार्यक्रम	भुक्तानी पाउने	रकम
१	५२१-०८२।०३।२०	तिज पर्व	यूक्तेन छिरिङ गुरुङ	१२७३५०

५३ **प्राविधिक बिल र कार्य सम्पन्न प्रतिवेदनः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित १९ आयोजनाहरुमा खर्च भएको रु. १ करोड ५७ लाख ७१ हजार ७०४ को ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बराबर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेस गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको समेत नदेखिँदा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

क्र.सं.	उपशीर्षकको नाम	खर्च शीर्षक नं.	खरिद विधि	संख्या	खर्च रकम
	गाउँपालिका पुँजीगत	३११५१	उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत	१९	१५७७१७०४

उपभोक्ता समिति दर्ता नहुने गरेको, जटिल संरचना निर्माणको काम उपभोक्ता समितिले गरेको, उपभोक्ता समितिको काममा निर्माण व्यवसायीको संलग्नता रहेको, स्वीकृति बेगर उपभोक्ता समितिले इक्वीपमेन्ट मेशीनहरुको प्रयोग गरेको, निर्माण कार्यको गुणस्तर परीक्षण नगरेको लगायतको अवस्था देखिएको छ। साथै पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता बापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि

मात्र उपभोक्ता समितिसँग आयोजना सम्झौता गर्ने गर्नुपर्दछ। तर यस पालिकाले लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

५४ **परामर्श सेवा खरिदः**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ को दफा २२ बमोजिम विद्यमान जनशक्तीबाट सम्पादन नहुने जटिल प्रकृतिको प्राविधिक र उच्च व्यवसायिक ज्ञान सिप आवश्यक पर्ने कार्यबाहेक बाह्य परामर्श सेवाबाट काम गर्न वा गराउन नपाइने व्यवस्था छ। पालिकामा अनुभवी ईन्जिनियर सहित अन्य प्राविधिक कर्मचारीहरु, सूचना प्रविधि अधिकृत, प्रशासनिक तथा वित्त सम्बन्धी कर्मचारीहरु, सामाजिक विकास तथा महिला बालबालिका शाखामा कार्यरत दक्ष कर्मचारीहरु कार्यरत रहेको अवस्थामा सफ्टवेयर सञ्चालन सम्बन्धी तालिम, लैंगिक उत्तरदायी बजेट तथा सामाजिक समावेशीकरण परीक्षण, भूउपयोग योजना, ऐन/नीति निर्माण तथा पाठ्यक्रम निर्माण लगायतका कार्यमा बाह्य सेवा प्रदायकको सहभागिता गराई परामर्श सेवा खरिदमा रु. २१ लाख ०१ हजार ९५९ खर्च गर्नु कानूनसम्मत र मितव्ययी देखिएन। यस्तो खर्चमा गाँउसभा र गाँउ कार्यपालिकाले नियन्त्रण गर्नुपर्दछ।

क्र.सं.	भौचर नं.	विषय	परामर्शदाता	खर्च रु.
१	३२-०८२।०३।१२	लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण	सार्थक ईन्जिनियरिङ कन्सलटेन्सी (६०९५३१०१३)	२४९६०९
२	५२९-०८२।०३।२०	अनलाईन सफ्टवेयर सम्बन्धी तालिम	डिभाईन सोलुसन प्रा.लि. (६०६६३४६८५)	४०८८८०
३	५८४-०८२।०३।२३	स्थानीय पाठ्यक्रम निर्माण	पाथ फाईन्डर नेपाल सर्भिस प्रा.लि. (६०६७००३७७)	२९४५९१
४	९१-०८२।०३।२४	भूउपयोग जग्गा वर्गीकरण	ग्लोबल यारा ईन्जिनियरिङ कन्सल्टेन्सी	७६११६२
५	५४९-०८२।०३।२१	स्थानीय शिक्षा नीति	हातेमालो ईन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन सैनामैना प्रा.लि. (६०६६७८०१२)	१८८८३७
६	५५१-०८२।०३।२१	स्थानीय शिक्षा ऐन निर्माण	ग्लोबल सस्टेनेबल रिसर्च एण्ड डेभलपमेन्ट प्रा.लि.	१९८८८०
	जम्मा			**२१०१९५९**

५५ **चराङ्खेत पर्खाल निर्माणः**

भेरिएसनः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावलीको नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई तोकिएका अधिकारीले कार्यविधि पालना गरी भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था रहेको छ। चराङ्खेत पर्खाल निर्माण कार्यको लागि रु. ७० लाख ५६ हजारमा सम्पन्न गर्ने गरी श्री तिलाचन कन्स्ट्रक्सन सेवा सँग सम्झौता भएको छ। सुरुमा विस्तृत सर्भे तथा स्थलगत अध्ययन बेगर तथा अध्ययनको समयमा अनुमान गर्न नसकिने कार्यहरुका कारण लागत अनुमान तयार गर्दा समावेश भएका कार्यहरुमा थपघट हुन सक्दछ। तर विस्तृत ड्रइङ्ग, डिजाईन तयार गरी लागत अनुमान तयार गरेकै समयमा पूर्वानुमान गर्न सकिने एङ्गल पोलको तौलमा रु. २ लाख ४३ हजार ३३४ को भेरिएशन आदेश जारी भएको देखियो। यस प्रकारले भेरिएसन आदेश जारी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

५६ **सभाहल निर्माणः**

[९९, ९६, १००-०८२।०३।२५] - गाउँपालिका सभाहल निर्माणको लागि गाँउपालिका सभाहल निर्माण उपभोक्ता समिति सँग रु. १६ लाख ४३ हजार ३२४ मा सम्झौता गरी रु. १३ लाख ९४ हजार ६०४।०० भुक्तानी भएको छ। यसै गरी चराङ सभाहल निर्माणको लागि तिलाचन कन्स्ट्रक्सन प्रा.लि. सँग रु. १ करोड ०१ लाख १३ हजारमा सम्झौता गरी प्रथम बिलको रु. ५१ लाख ७४ हजार ६४४ भुक्तानी भएको छ। स्थानीय बस्तीको साँघुरो भित्री बाटोमा सभाहल निर्माण गरिएको छ। गाँउपालिका भवन परिसरमा नै पर्याप्त जग्गा रहेको अवस्थामा सभाहल अन्यत्र निर्माणको औचित्य पुष्टि हुनुपर्दछ।

५७ **मूल्य अभिवृद्धि करः**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) बमोजिम सरकारी निकायले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु, सेवा वा दुबै आपूर्ति गरी सो बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपभोक्ता समिति सँग सम्झौता गरी समिति मार्फत निर्माण

व्यवसायीलाई भुक्तानी भएको मूल्य अभिवृद्धि करको ३० प्रतिशतले हुने मूल्य अभिवृद्धि कर सम्बन्धित राजश्व शिर्षकमा दाखिला भएको प्रमाण पेस गर्नुपर्दछ।

क्र.सं.	**भौचर नं.**	**समितिको नाम**	**आपूर्तक**	**मू.अ.कर बाहेक बिल रकम**	**मूल्य अभिवृद्धि कर**	**३० प्रतिशत रकम**
१	८१-०८२।०३।२२	घिलिङ युवा क्लबको स्टेज निर्माण उ.स.	बाबा हार्डवयर एण्ड मेसिनरी	५८०५६३	७५७४३	२२६४२
२	८५-०८२।०३।२२	घमि पूरानो गुम्बा मर्मत उ.स.	हिमाली फर्निचर उद्योग (३०२९४०३५८)	३००८७६	३९११४	११७३४
	जम्मा					३४३७६

असुल गर्नुपर्ने	३४,३७६

५८ **चुङ्सी गुम्बा जाने मोटरबाटो निर्माणः**

नेपाल सडक मापदण्ड, २०७० बमोजिम तराईको समथर भूभागमा प्रति घण्टा ६० किलोमिटर तथा पहाडी भूभागमा प्रति घण्टा ४० किलोमिटरका दरले सवारी साधनको गतिको लागि डिजाईन गरिएको छ। सो मापदण्ड बमोजिम स्टपिङ्ग डिस्टयान्स करिब ३६ र १७ मिटर हुनुपर्दछ। सडकको रेखाङ्कन यसको डिजाईन गति, दुर्घटना र जोखिमको न्युनीकरणको अवस्था तथा सो सडकले ढुवानी लागत कम गरी आर्थिक वृद्धिमा टेवा पुर्याउन सक्ने लागत प्रभावी आधारमा तय गर्नुपर्दछ। चुङ्सी गुम्बा जाने मोटरबाटो निर्माण कार्यको लागि शेर्पा कन्स्ट्रक्सन सर्भिस प्रा.लि. (६०४२६९५६४) लाई रु. १२ लाख ९२ हजार ७४३ भुक्तानी भएको छ। सो सडक आयोजनाको प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष तथा लेखापाल समेतको समुपस्थितिमा स्थलगत निरीक्षणको क्रममा नेपाल सडक मापदण्ड, २०७० बमोजिम दैनिक औसत सवारी चाप, डिजाईन स्पिड, ओभरटेकिङ स्पिड, ओभरटेकिङ जोन, स्टपिङ डिस्टेन्स, सडकको उचाई अनुसारको ग्रेड लेभल, घुम्ति र सडक सुरक्षा लगायतको मापदण्ड र सडकको यथार्थ अवस्था बीच सामञ्जस्यता देखिएन। सडकको छोटो छोटो खण्डमा नागबेली आकारमा घुमाई सडक निर्माण गरेकोले सवारी गति औसत प्रति घण्टा ४० कि.मी. भन्दा धेरै न्यून हुने देखिन्छ। सडकको घुम्तीमा समेत उच्च ग्रेड कायम गरिएको छ। घुम्ती तथा सडक खण्डमा उच्च ग्रेड कायम भएकोले सवारी दुर्घटनाको उच्च जोखिम भई पर्यटक तथा तिर्थालुहरुको धनजनको क्षति हुने अवस्था छ।डिपीआर बेगर परम्परागत ट्रेकिङ रुटलाई अतिक्रमण गरी सडक निर्माण गर्नु औचित्यपूर्ण र नियमित देखिएन। मानवीय सुरक्षा, परम्परागत पदयात्रा, वातावरणीय परीक्षण र डिपीआरलाई ख्याल नगरी सडक निर्माण गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

५९ **लो-घेकर गुम्बा पुनः निर्माणः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **३८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६० **बायोमेट्रिक डिभाइसः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **१२९,४९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६१ **घमि पुरानो गुम्बा मर्मत सम्भारः**

६१.१ **बढी भुक्तानीः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **२११,०३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६१.२ **सक्कल बिल पेश नभएकोः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **३२,६७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६२ **समाज घरः**

[१०१-०८२।३।२५] आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(११) बमोजिम सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोबार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना, हानि नोक्सानी वा लापरवाहि हुन नपाउने गरी उचित प्रबन्ध मिलाउनु पर्ने व्यवस्था छ। ध्ये थाङजुङ समाज घर रङ्गरोगन उपभोक्ता समितिलाई रु. १४ लाख ३२ हजार भुक्तानी भएको छ। रङ्गरोगन गरिएको समाज घर सम्बन्धित समाजको स्वामित्वमा भएको घरजग्गा धनी प्रमाण पुर्जा सहित भवनको स्वीकृत नक्सा र निर्माण सम्पन्न प्रमाण पत्र पेश भएको छैन। समाज घरको जग्गाको स्वामित्व सम्बन्धी प्रमाण बेगर घरजग्गाको मर्मत सम्भारमा खर्च गर्नु उचित देखिएन।

६३ **कच्ची मोटरबाटोः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **६९,३४६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६४ **श्रमिक ज्यालाः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपभोक्ता समितिहरु सँग सम्झौता गरी कार्यान्वयन गरेका निम्न आयोजनाहरुको बिल भरपाई परीक्षण गर्दा समितिले काममा लगाएका श्रमिकहरुको ज्याला भुक्तानी खर्चमा श्रमिकको पहिचान खुल्ने प्रमाण संलग्न नभएको र बाबुको नाम तथा नागरिकता नम्बर समेत उल्लेख नभएकोले पेश भएको ज्याला खर्चको भरपाई सही र यथार्थ रहेको सम्बन्धमा यकिन गर्न सकिएन। यसलाई सुधार गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

क्र.सं.	**भौचर नं.**	**आयोजनाको नाम**	**ज्याला खर्च**
१	७८-०८२।०३।२५	घिलिङ गुम्बामा बाटो निर्माण क्रमागत उ.स.	६७८१८२
२	८१-०८२।०३।२२	घिलिङ युवा क्लबको स्टेज निर्माण उ.स.	८७६४५६
		जम्मा	१५५४६३८

६५ **म्याद थप:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम सम्झौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्नसक्ने प्रावधान छ। म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबु बाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद सम्झौताको म्याद थप गर्नुपर्ने व्यवस्था समेत सोही नियममा उल्लेख छ। कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो। निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्नसक्ने उल्लेख गरेको अवस्थामा पनि पुनः सोही बेहोरा दोहोरिने गरेको छ। तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन। तसर्थ सम्झौता अनुसारको काम समयमा नै सम्पन्न नगर्नेे निर्माण व्यवसायीलाई पूर्व निर्धारित क्षतिपूर्ति नलिने गरी पटक पटक म्याद थप गर्नु भन्दा प्रचलित कानुनी व्यवस्था र सम्झौताको शर्त बमोजिम समयमै काम सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनुपर्दछ।

क्र.सं.	निर्माण कार्य	निर्माण व्यवसायीको नाम	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	सम्झौता रकम	हालसम्मको खर्च	म्याद थप पटक
१	पाँच शैय्या अस्पताल निर्माण	डाँफे सन्त जे.भी.	०७८।१२।२८	०८२।०८।२९	८७८२८०००	६२६१६८६५	३

६६ **उत्कृष्ट कर्मचारी पुरस्कारः**

६६.१ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१(४) बमोजिम प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजश्व र यस ऐन बमोजिम राजश्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा २८ बमोजिम अनुदान रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा प्रयोग गर्नुपर्ने व्यवस्था छ। अर्थ मन्त्रालयको चलानी नम्बर १२१-०७८।०३।२७ को पत्रबाट वित्तीय समानीकरण अनुदानको प्रयोग सम्न्धमा थप स्पष्ट गरेको छ। सो परिपत्रले स्थानीय तहलाई उपलब्ध हुने वित्तीय समानीकरण अनुदानको रकमबाट स्थानीय तहले प्रशासनिक खर्च गर्न नमिल्ने हुँदा आन्तरिक आय तथा राजश्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट मात्र प्रशासनिक खर्च गर्न मिल्ने स्पस्ट गरेको देखिन्छ। पालिकाले अघिल्ला आर्थिक वर्षहरुमा खर्च नभई बचत रहेको समानीकरण अनुदानलाई यस वर्ष जिम्मेवारी सार्दा आन्तरिक आयमा देखाउने गरेको र सोही रकमबाट गाउँसभाको निर्णय बमोजिम उत्कृष्ट कर्मचारी प्रोत्साहन भत्ता भुक्तानी गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन र सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई ५ जना कर्मचारीलाई प्रोत्साहन भत्ता बापत भुक्तानी गरी रु. २२७७६३।०० खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ। साथै उत्कृष्ट कर्मचारीको छनोटको लागि कार्यसम्पादन सूचक सहितको आधार समावेश भएको अभिलेख समेत पेस गरिएको छैन। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी सभा द्वारा कानुन निर्माण गरेर मात्र यस किसिमको खर्च लेख्नुपर्दछ।

६६.२ **आकस्मिक लाभकरः**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **२६,७९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६७ **भरपाई बेगर भत्ता भुक्तानी:**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **११,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६८ **स्थानीय भत्ता भुक्तानी:**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **४,३२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६९ **बैठक भत्ताः**

[२८१-०८२।०१।१८] आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ। कार्य सञ्चालन निर्देशिका, २०८१ को दफा ४५(३) बमोजिम एउटै निकाय र अन्तर्गतका पदाधिकारी र कर्मचारी मात्र सहभागी हुने बैठकमा भत्ता प्रदान नगर्ने व्यवस्था छ। यसै गरी सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ मा नियमित कामको लागि बैठक भत्ता प्रदान नगरिने व्यवस्था छ। पालिकाले कार्यालय समय अघि पछि बैठक बसेको देखाई नियमित काममा समेत गरेर निम्नानुसार बैठक भत्तामा खर्च गरेको देखिन्छ। बैठक बसेको दिनको कार्यालय समयमा बैठकमा सहभागी सदस्यहरुले कुन कुन जिम्मेवारी निर्वाह गरेको कारण कार्यालय समयभित्र बैठक बस्न समय नमिलेको हो सोको पुष्ट्याइँ सहित तोकिएको ढाँचामा भुक्तानी कारोबारको सिफारिस पत्र (म.ले.प.फा.नं. २०२) समेत पेस नगरी बैठक भत्ता भुक्तानी भएको छ। गठन भएका समितिमा समेत समिति बाहेकका अन्य असम्बन्धित कर्मचारीहरुलाई आमन्त्रित गरी बैठक भत्ता भुक्तानी गरिएको छ। पालिकाले विद्युतीय हाजिरीलाई अनिवार्य गरेको छैन। कार्यालय समय अघि पछि बैठकमा सहभागी भएका कर्मचारीहरुको विद्युतीय हाजिरी संलग्न नगरी निर्देशिका विपरीत कार्यलय समय अघि पछि बसेको पुष्टि हुने आधार बेगर बैठक भत्ता बापत १४ जना कर्मचारीलाई भुक्तानी भएको रु. १२७५००।०० नियमित नदेखिएकोले नियमित हुनुपर्ने रु.

अनियमित भएको	१,२७,५००

७० **विद्यालयगत निकासा अभिलेखः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले तोकिएको ढाँचामा विद्यालयगत माग र निकासा खुल्ने विवरण तयार गरी राख्नुपर्नेमा सो बमोजिम राखेको पाइएन। यसबाट पालिकाले विद्यालयहरुलाई निकासा दिएको रकम विद्यालयले माग गरे बमोजिम भए नभएको र विद्यालयको माग सही भए नभएको सम्बन्धमा परीक्षण गरी स्पष्ट हुन सकिएन। यसर्थ विद्यालयगत रजिस्टर नहुँदा विद्यालयलाई वास्तविक रुपमा निकासा दिनुपर्ने र भुक्तानी दिएको रकम बीच तुलना गरी भिडान गर्न कठीन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर खाता अद्यावधिक गरी राख्नुपर्दछ।

७१ **दिवा खाजाः**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ मा तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान सम्बन्धी व्यवस्था रहेको छ। स्थानीय तहले दिवा खाजा बापत प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले विद्यालयलाई निकासा गर्ने, उक्त दिवा खाजा व्यवस्थापनका लागि दिवा खाजाको मेनु तयारी गर्ने एवं खाजाको गुणस्तर सम्बन्धमा स्थानीय तहले अनुगमन गर्नुपर्ने व्यवस्था छ। साथै दोस्रो त्रैमासिक देखि स्थानीय तहले विद्यालय भौतिक रुपमा पूरा समय चलेको दिन (परीक्षामा सामेल भएको दिनसमेत) खाजा उपलब्ध गराइएका विद्यालयको प्रधानाध्यापक र वि.व्य.स. अध्यक्षबाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात् मात्र थप अनुदान दिने व्यवस्था छ। यस वर्ष पालिका अन्तर्गतका ८ वटा विद्यालयलाई दिवा खाजा व्यवस्थापन बापत रु. २ लाख २० हजार ५०० निकासा भएको छ। आवासीय विद्यालयका सन्दर्भमा दिवा खाजा दिने वा नदिने सम्बन्धमा निर्देशिकाले स्पष्ट रुपमा उल्लेख गरेको छैन। निर्देशिकाले तोके बमोजिम हरेक त्रैमासिकमा निकासा दिने, दिवा खाजाको मेनु तयारी एवं यसको गुणस्तर सम्बन्धमा अनुगमन गरेको पाइएन। जसले

गर्दा कुन गुणस्तरका खाजा खुवाएको हो सो विषयमा यकिन हुन सकिएन।अतः पालिका भित्रका विद्यालयमा सञ्चालित दिवा खाजा कार्यक्रम प्रभावकारी भए/नभएको सम्बन्धमा प्रभावकारी रुपमा अनुगमन गर्नुपर्दछ।

क्र.सं.	विद्यालयको नाम	जम्मा निकासा
१	श्री चराङ आधारभूत विद्यालय	१२०००
२	श्री मराङ आधारभूत विद्यालय	५४००
३	श्री ढाक्मर आधारभूत विद्यालय	९०००
४	श्री घमी आधारभूत विद्यालय	९१८००
५	श्री जनज्योति आधारभूत विद्यालय	९१५००
६	श्री यारा आधारभूत विद्यालय	३६००
७	श्री घारा आधारभूत विद्यालय	४५००
८	श्री शालिग्राम आधारभूत विद्यालय	२७००
	जम्मा	**२२०५००**

७२ **घुम्ती विद्यालय सञ्चालन खर्चः**

७२.१ **बढी सोधभर्ना भुक्तानीः**

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **१३९,८०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(विस्तृत विवरण बेरूजु दफा ७२.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

असुल गर्नुपर्ने	०

७२.२ **बढी सोधभर्ना मागः** जनज्योति माध्यामिक विद्यालयलाई घुम्ती विद्यालय ससञ्चालनका लागि भएको खच बापत रु. १३,५७,२४८.०० सोधभर्ना भुक्तानी दिएकोमा विद्यालय घुम्ती जाने अवधि फागुन १० गते सम्म रहेकोमा विद्यालयले चैत्र २२ सम्म तथा मिति नै नखुलेका निम्नानुसार बिल पेस गरी रु. ४,२०,७३८.०० भुक्तानी सोधभर्ना माग गरेकोमा समेत पालिकाले भुक्तानी दिएको देखियो। विद्यालय साविक अवस्थामै फागुन १० मा फर्किसकेकोमा विद्यालयले चैत्र सम्मको बिल पेस गर्नु, मिति उल्लेख नभएका बिल पेस गरी सोधभर्ना भुक्तानी माग गरेकोले यस्ता बिल भरपाईको आधारमा घुम्ती समायावधि भन्दा पछिको मितिको बिल पेस गरेको आधारमा भुक्तानी दिएको देखिँदा यस सम्बन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्दछ।

बिल नं.	बिल मिति	सेन्टर	विवरण	रकम
३४३	नखुलेको	जन्पालिय तिव्वतियन	दुध	१३१००
११८	नखुलेको	दिपक चाउमिन	चाउमिन	१८४०
२९१	नखुलेको	धर्म सेवा मेडिकल	औषधि	२८८
५५६	नखुलेको	शुक्ला समृद्धी	नौनि घीउ	५२५
१५८१५	२०८१।१२।२२	रिमाल हार्डवेयर	ताला	१०६०
विविध	२०८१।१२।०२	तिव्वती भाषा र विद्युतको नबुझिएको	विभिन्न खर्च	७६७९
४१९	२०८१।११।२८	आस्मानी प्रोभिजन	ग्यास नुन	९९३३९
४२०	२०८१।११।२८	आस्मानी प्रोभिजन	चामल	६५२७४
४८	२०८१।११।२६	गुरुङ फ्रेस हाउस	मासु	४२००
४०४	२०८१।११।१६	आस्मानी प्रोभिजन	चामल दाल	२२७४३३
		जम्मा		**४२०७३८**

७२.३ **बिल नम्बर र मिति क्रमानुसार नभएको:** जनज्योति माध्यामिक विद्यालयलाई घुम्ती विद्यालय सञ्चालनका लागि भएको खर्च रु. १३,५७,२४८.०० को सोधभर्ना भुक्तानी गर्दा विद्यालयले पेस गरेको अस्मानी प्रोभिजनको बिल नं. ३०१ मिति २०८१।०७।२८ मा बिलिङ भएको छ भने ३०२ मिति २०८१।०७।२१ मा बिलिङ भएको छ, यसैगरी गुरुङ फ्रेस हाउसको बिल नं. ७, ९ र १२ को पछिल्लो बीजक नम्बरबाट अघिल्लो मितिको बीजक जारी भएको छ। अन्य आपूर्तकहरुको पनि सोहि बमोजिमको बीजकहरु जारी भएको देखिन्छ। यसरी अगाडिको बिल नम्बरको पछाडिको मिति र पछाडिको बिल नम्बरको अगाडिको मिति उल्लेख गरेको बिल पेस भएकोले दाबी गरेको खर्चको विस्वसनियता र यथार्थताको विषयमा यकिन गरेर मात्र भक्तानी गर्नुपर्दछ।

७३ **शिक्षक दरबन्दी र पदपूर्ति तथा शिक्षक विद्यार्थी अनुपातः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ। पालिका अन्तर्गत आधारभूत विद्यालय ७ र माध्यमिक विद्यालय १ समेत ८ वटा विद्यालय सञ्चालनमा रहेकामा शिक्षकको दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छ। धेरै विद्यार्थी रहेको घमि आधारभूत विद्यालयमा एक शिक्षकले १४ विद्यार्थी र जन ज्योति माध्यमिक विद्यालयमा एक शिक्षकले ११ विद्यार्थीलाई पठन पाठन गर्नुपर्ने अवस्था रहेको छ। तालुक निकाय तथा पालिकाले विद्यार्थी संख्याको आधारमा विद्यालयगत शिक्षक दरबन्दी मिलान गर्नुपर्दछ।

सि.नं.	विद्यालयको नाम	वडा	शिक्षक दरबन्दी	स्थायी पदपूर्ति	करार पदपूर्ति	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१	श्री चराङ आधारभूत विद्यालय	१	१	१	१	८	१:४
२	श्री मराङ आधारभूत विद्यालय	१	१	१	१	७	१:४
३	श्री ढाक्मर आधारभूत विद्यालय	२	१	१	१	१०	१:५
४	श्री घमी आधारभूत विद्यालय	२	४	४	१	७०	१:१४
५	श्री जनज्योति माध्यामिक विद्यालय	३	६	६	२	८७	१:११
६	श्री यारा आधारभूत विद्यालय	४	१	१	०	४	१:४
७	श्री घारा आधारभूत विद्यालय	४	१	१	०	५	१:५
८	श्री शालिग्राम आधारभूत विद्यालय	५	१	१	०	३	१:३
	जम्मा		१६	१६	६	१९४	-

७४ **घुम्ती अवधिका शिक्षकको स्थानीय भत्ताः**

शिक्षा विभागको च.नं. १६।०६७।६८ मिति २०६७।०९।२० को परिपत्र अनुसार कुनै शिक्षकले स्थानीय भत्ता पाउने स्थानमा बसी काम गरेको भएमा मात्र त्यस्तो सुविधा पाउने तर पदस्थापना/पदाधिकार स्थानीय भत्ता पाउने स्थानमा भए तापनि काजमा वा अन्य तवरले कुनै भत्ता नपाउने वा कम पाउने स्थानमा बसी काम गरेमा निजले सो अवधिभर स्थानीय भत्ता नपाउने व्यवस्था रहेको छ। साथै अर्थ मन्त्रालयले २०७१ श्रावण १ गते देखि लागु हुने गरी यस पालिका सदरमुकामबाट ६ कोस टाढाका लागि पालिका अन्तर्गतका निम्नानुसार विद्यालयहरुका शिक्षकहरुलाई स्थानीय भत्ता पाउने जिल्लामा बसी कार्य गरेमा स्थानिय भत्ता पाउने व्यवस्था छ। शिक्षा नियमावली, २०५७ परिच्छेद ३३ को दफा १८६ मा उल्लिखित विकट हिमाली क्षेत्रमा मौसम वा अन्य यस्तै कारणले कुनै विद्यालय सञ्चालन हुन नसक्ने भनी विद्यालय व्यवस्थापन समितिले अनुरोध गरेमा निश्चित अवधिका लागि कुनै पायक पर्ने ठाउँमा घुम्ती विद्यालय सञ्चालन गर्न अनुमति लिई घुम्ती विद्यालय सञ्चालन गर्न सकिने व्यवस्थानुसार पालिकाले २०८१।०७।२१ देखि २०८१।११।१० सम्म पोखरामा घुम्ती विद्यालय सञ्चालनका लागि अनुमति दिएको देखियो। पालिकामा सञ्चालित ६ वटा सामुदायिक विद्यालय श्री सामुदायिक घुम्ती विद्यालयको नाममा पोखरा महानगरपालिका २५ हेम्जा र श्री जनज्योती आ.वि. शुक्लागण्डकी न.पा. ८ तनहुँमा गरी दुई स्थानमा घुम्ती विद्यालयको रुपमा सञ्चालन भएको देखियो। यसरी स्थानीय भत्ता पाउने जिल्ला बाहिर पोखरा गई घुम्ती विद्यालय व्यवस्थापन र सञ्चालन भएको अवस्थामा निम्नानुसार रु. २,९०,६७६.०० स्थानीय भत्ता भुक्तानी दिएको देखिँदा सो विषयमा उचित कानुनी व्यवस्था हुनुपर्दछ।

विद्यालयको नाम	तह	श्रेणी	मासिक स्थानीय भत्ता	कार्तिक (९ दिन)	मंसिर	पुस	माघ	फागुन (१० दिन)	खुद पाउने
जनज्योती मा.वि.	नि.मा.वि.	तृतीय	७७१०	२३१३	७७१०	७७१०	७७१०	२५७०	२८०१३
शालीग्राम आ.वि.	प्रा.वि.	द्वितीय	७७१०	२३१३	७७१०	७७१०	७७१०	२५७०	२८०१३
चराङ आ.वि.	प्रा.वि.	तृतीय	६४६०	१९३५	६४६०	६४६०	६४६०	२१५०	२३४६५
जनज्योती मा.वि.	प्रा.वि	तृतीय	६४६०	१९३५	६४६०	६४६०	६४६०	२१५०	२३४६५
यारा आ.वि.	प्रा.वि	तृतीय	६४६०	१९३५	६४६०	६४६०	६४६०	२१५०	२३४६५
ढाक्मर आ.वि.	प्रा.वि.	तृतीय	६४६०	१९३५	६४६०	६४६०	६४६०	२१५०	२३४६५
मराङ आ.वि.	प्रा.वि	तृतीय	६४६०	१९३५	६४६०	६४६०	६४६०	२१५०	२३४६५
जनज्योती मा.वि.	प्रा.वि.	तृतीय	६४६०	१९३५	६४६०	६४६०	६४६०	२१५०	२३४६५
घारा आ.वि.	प्रा.वि.	तृतीय	६४६०	१९३५	६४६०	६४६०	६४६०	२१५०	२३४६५
जनज्योती मा.वि.	प्रा.वि.	तृतीय	६४६०	१९३५	६४६०	६४६०	६४६०	२१५०	२३४६५
जनज्योती मा.वि.	प्रा.वि	तृतीय	६४६०	१९३५	६४६०	६४६०	६४६०	२१५०	२३४६५
जनज्योती मा.वि.	प्रा.वि	तृतीय	६४६०	१९३५	६४६०	६४६०	६४६०	२१५०	२३४६५
जम्मा									२९०६७६

७५ **सामाजिक सुरक्षा भत्ताः**

७५.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्क मार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रभु बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। पालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरणमा निम्नानुसार रु. १ करोड ८ लाख ७४ हजार खर्च गरेको छ।

वडामा भएको खर्च	रकम
वडा नं. १	३२४३५७१
वडा नं. २	२७६२२१२
वडा नं. ३	१९४९१८४
वडा नं. ४	१३७८१५३
वडा नं. ५	१५४०६१४
कुल खर्च	**१०८७३७३३**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधिमा लाभग्राहीको मृत्यु भएमा, बसाईँ सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच वर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकोमा लगातार एक वर्षसम्म खाता निषक्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको बेहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिव वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणित गर्नुपर्ने व्यवस्था छ। MIS विवरण अनुसार यो वर्ष ९ जनाको लगत कट्टा गरेको देखियो। तर एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेको वा बैंक मार्फत वितरण भएकोमा लगातार एक वर्षसम्म खाता निष्क्रिय भएको लाभग्राहीको विवरण माग्दा पालिकाले तथ्याङ्क उपलब्ध गराउन नसकेकोले कार्यविधिमा भएको व्यवस्था अनुरुप लगत कट्टा गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ।

७५.२ **लाभग्राहीको मृत्यु पश्चात् भत्ता भुक्तानी:**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **६,६६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **१७,७३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७५.३ **पारदर्शिता तथा जवाफदेहिता:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँ सभामा पेश गर्नुपर्ने र स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रूपमा समीक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष भएको निकासा तथा खर्च रु. १,०८,७३,७३३.०० को सम्बन्धमा लाभग्राहीको विवरण गाउँ सभामा पेश गरी छलफल तथा समीक्षा गरेको देखिएन। सामाजिक सुरक्षा भत्ता वितरइ सम्बन्धमा कार्यविधिको पालना गर्नुपर्दछ।

७६ **फर्निचर तथा फिक्स्चर्सः**

७६.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ को दफा १९(५) बमोजिम पुराना फर्निचर प्रचलित कानून बमोजिम लिलाम बिक्री नगरे सम्म नयाँ खरिद गर्न नपाइने व्यवस्था छ। पालिकाले प्रतिस्पर्धा बेगर बढी लागतमा खरिद गर्ने उदेश्यले फर्निचर तथा फिक्स्चर्स खरिद कार्यक्रम स्वीकृत गर्दा नै एकै खर्च शिर्षक ३११२३ लाई तीन टुक्रा बनाई खरिद गरी रु. १९ लाख २३ हजार गरेको र मापदण्ड बमोजिम समेत खरिद गरेको नदेखिएकोले सो खरिद कार्य मितव्ययी देखिएन।

७६.२ **कार्पेट खरिद:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागत अनुमान तयार गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमान तयार गर्ने आधारहरू तथा नियम १४ मा अधिकार प्राप्त अधिकारीबाट लागत अनुमान स्वीकृत गर्नुपर्ने र ऐनको दफा ७(६) मा खरिद सम्झौताको

कार्यान्वयन गर्न गराउन नियमित रुपमा सुपरीवेक्षण, अनुगमन तथा गुणस्तर नियन्त्रण गरी वा गराई निर्धारित समयमा कार्य सम्पन्न हुने सुनिश्चितता गर्नु सम्बन्धित सार्वजनिक निकायको प्रमुखको कर्तव्य हुने व्यवस्था छ। पालिकाले स्याङ्जाली फर्निचर एण्ड फर्निसिङ सप्लायर्सको बिल नं १२२ र १२३ मिति २०८१।१२।१९ बाट विभिन्न कार्पेट आइटम खरिद गरी गो.भौ.नं. २६-०८१।१२।२२ बाट रु. ६,८०,६२६.०० खर्च लेखेको छ। यस सम्बन्धमा विश्लेषण गर्दा उक्त कार्पेट कार्यालयको कुन कोठा कति क्षेत्रफल रहेको छ, कति आवश्यकता परेको हो र उक्त क्षेत्रफल बराबर परिमाणको कार्पेट बिछ्याइएको सम्बन्धमा नापी किताब लगायत खर्च पुष्ट्याईं हुने प्रमाण पालिकाले लेखापरीक्षणको क्रममा पेस गरेको छैन। कोटेशन माग गरी खरिद गरेको तर लागत अनुमान तयार गरेको नदेखिएकोले कार्यालय प्रयोजनका लागि आवश्यकता अनुसार लागत अनुमान तयार गरेर उपयोगको पुष्ट्याईं हुने गरी खरिद गर्नुपर्दछ।

७७ **व्यवसायिक कारोबारको रकम व्यक्तिगत खातामा भुक्तानीः**

आयकर ऐन, २०५८ को दफा ८१(क) बमोजिम व्यवसायिक कारोबारको रकम व्यक्तिगत खातामा जम्मा गर्न नपाउने व्यवस्था छ। कार्यालयले निम्नानुसारको भुक्तानीमा आपूर्तिकर्ताको बीजक संलग्न गरी प्रोपराईटरको व्यक्तिगत खातामा रकम भुक्तानी गरेको देखियो। यसबाट आयकर तथा मूल्य अभिवृद्धि कर छुली गर्न सहयोग पुग्ने अवस्था देखिन्छ। कानुन विपरीतको व्यवसायिक कारोबार बापतको भुक्तानी व्यक्तिगत बैंक खतामा गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

क्र.सं.	भौचर नम्बर	आपूर्तक	भुक्तानी गरिएको व्यक्ति	रकम
१	११४-०८१।०८।०८	लोप्साङ सपिङ सेन्टर	लोप्साङ गुरुङ	९४७६०
२	२९४-०८२।०१।२१	लोप्साङ सपिङ सेन्टर	लोप्साङ गुरुङ	८३६५१
३	५४३-०८२।०३।२१	लोप्साङ सपिङ सेन्टर	लोप्साङ गुरुङ	९९०५१
४	५३७-०८२।०३।२१	लुम्बिनी गेष्ट हाउस	लाक्पा ढोका गुरुङ	१९८८६१
५	५५७-०८२।०३।२१	लुम्बिनी गेष्ट हाउस	लाक्पा ढोका गुरुङ	११३४७२
६	५७६-०८२।०३।२३	डोमा होटल एण्ड रेस्टुरेण्ट	डोमा	१३७०००
		जम्मा		**७२६७९५**

७८ **सवारी साधन सञ्चालन खर्चः**

७८.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५ मा निर्माण कार्यको बाहेक एक लाख भन्दा बढीको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने एंव नियमावली,२०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामानको मर्मत सम्भारको लागत अनुमान तयार गर्दा सो निकायमा सो सँग दक्ष कर्मचारी भए त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति फर्म वा कम्पनीबाट लागत अनुमान तयार गर्न लगाउने व्यवस्था छ। सो बमोजिम लागत अनमान तयार नगरी पालिकाले सवारी साधन मर्मतमा निम्नानसार रु. ६२२७८०.०० खर्च गरेको छ। स्वीकृत नर्म्स र मेकानिकल ईन्जिनियरको सिफारिसको आधारमा लागत अनुमान तयार गरी नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेत पुष्टी हुने गरी मर्मत कार्य गर्नुपर्दछ।

क्र.सं.	भौचर नम्बर	सवारी साधन नम्बर	रकम
१	३२१-०८२।०१।२५	४०१	११७४१४
२	४२१-०८२।०३।१३	७१३५	२८६६५४
३	४९९-०८२।०३।२०	४०१	१८५८८५
४	५०८-०८२।०३।२०	४०१	३२८२७
	जम्मा		**६२२७८०**

७८.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा निर्माण कार्यको बाहेक एक लाख भन्दा बढीको खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने एवं नियमावली, २०६४ को नियम १३(५) मा सार्वजनिक निकायले कुनै मालसामानको मर्मत सम्भारको लागत अनुमान तयार गर्दा सो निकायमा सो सँग दक्ष कर्मचारी भए त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति फर्म वा कम्पनीबाट लागत अनुमान तयार गर्न लगाउने व्यवस्था छ। सो बमोजिम लागत अनुमान तयार नगरी पालिकाले एक मोटर साईकल मर्मतमा एक पटकमा ८६ हजार सम्म खर्च गरेको देखिँदा यसमा सुधार हुनुपर्दछ।

क्र.सं.	भौचर नम्बर	मोटर साईकल नम्बर	मर्मत खर्च रु.
१	५५९-०८२।०३।२२	६४४	८६९५०
२	५६१-०८२।०३।२२	६६१	६३२५०

७८.३ [४४७-०८२।०३।१५] - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य कायम गर्नुपर्ने व्यवस्था छ। पालिकाले २०८२।०२।२० देखि २०८२।०३।०६ सम्म १८ दिन प्रतिदिन ७५०० को दरले सवारी साधन भाडामा लिई रु. १ लाख ३५ हजार खर्च लेखेको देखियो। यो समयमा पालिकामा दुईवटा हलुका सवारी साधन रहेको अवस्थामा पुन: भाडामा लिई पेमा छिरिङ गुरुङलाई भुक्तानी गरेको छ। यसरी सवारी साधन भाडामा लिँदा मितव्ययी तवरले खर्च गर्नुपर्दछ।

७८.४ **बढी भुक्तानीः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-१९** को निर्णयले रू **३९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : लो-घेकर दामोदरकुण्ड गाउँपालिका, मुस्ताङ , लो-घेकर दामोदरकुण्ड गाउँपालिका , मुस्ताङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	श्री विशाल भण्डारी	२०८०-५-२५	२०८१-०७-२६
कार्यालय प्रमुख	श्री सरोज उपाध्याय	२०८१-०७-२७	हाल सम्म कार्यरत
लेखा प्रमुख	उज्वल चपाई	२०८०-६-१८	२०८१-७-२४
लेखा प्रमुख	श्री अनन्त उपाध्याय	२०८१-०६-१५	२०८१-१०-०४
लेखा प्रमुख	श्री दिव्या राज उपाध्याय	२०८१-११-२७	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,३२३,०९६	३१५,९६०	८४२,९५८	०	०	२००,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२,६८२,०१४
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	२,३३१,६७८
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	३५०,३३६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		७०६६०७४३.५६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	१४७१६८५१३	चालु खर्च	९१३०८१८४.१६
प्रदेश सरकारबाट अनुदान	१०८२९०००	पूँजीगत खर्च	९८१९८७४४.७२
राजश्व बाँडफाँट	४८५५०००७.४	वित्तीय/अन्य व्यवस्था	१९२९९९३४.५९
आन्तरिक आय	१३७३१८०.५७		
अन्य आय	१६४६०४९७.८३		
कुल आय	२२४३८११९८.८०	कुल खर्च	२०८८०६८६३.४७
बाँकी मौज्दात		८६२३५०७८.८९	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

लो-घेकर दामोदरकुण्ड गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, मुस्ताङ

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) म.ले.प.फा. नं. - २७०

क्र.सं.	विवरण	चालु आ.ब.को कारोबार		गत आ.ब. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर	४,८५,३६,२३४.०५	४,८५,३६,२३४.०५	४,०३,९१,९८८.६६	४,०३,९१,९८८.६६
१३०००	अनुदान	१४,११,४१,१४९.४१	१४,११,४१,१४९.४१	१२,३८,७१,१०७.२८	१२,३८,७१,१०७.२८
१४०००	अन्य राजस्व	११,९१,६७३.३८	११,९१,६७३.३८	१३,०४,४०९.२९	१३,०४,४०९.२९
१५०००	विविध प्राप्ति	१,१६,२७२.००	१,१६,२७२.००	१०,१७,८५७.००	१०,१७,८५७.००
क	**कुल जम्मा प्राप्ति**	१९,०९,८५,३२८.८४	१९,०९,८५,३२८.८४	१६,६५,८५,३६२.२३	१६,६५,८५,३६२.२३
३	चालु	८,०४,३४,४५०.७४	८,०४,३४,४५०.७४	६,६३,३३,१०६.६५	६,६३,३३,१०६.६५
२१०००	पारिश्रमिक / सुविधा	४,०९,६३,१८२.१८	४,०९,६३,१८२.१८	३,७८,८०,६०७.०७	३,७८,८०,६०७.०७
२२०००	मालसामान तथा सेवाको उपयोग	३,६१,३७,५२२.३९	३,६१,३७,५२२.३९	२,४२,१४,८७५.५८	२,४२,१४,८७५.५८
२५०००	सहायता (Subsidy)	०	०	९,५१,४०८.००	९,५१,४०८.००
२७०००	सामाजिक सुरक्षा	२३,०९,६११.१७	२३,०९,६११.१७	२५,४५,१०६.००	२५,४५,१०६.००
२८०००	अन्य खर्च	१०,२४,१३५.००	१०,२४,१३५.००	७,४१,११०.००	७,४१,११०.००
४	पूंजीगत	९,८१,९८,७४४.७२	९,८१,९८,७४४.७२	६,८७,०४,६५६.७९	६,८७,०४,६५६.७९
३१११०	भवन तथा संरचना	३,३४,६८,१०८.००	३,३४,६८,१०८.००	४९,४२,२८४.९६	४९,४२,२८४.९६
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	३७,७३,८५२.४०	३७,७३,८५२.४०	३२,२५,२८८.३७	३२,२५,२८८.३७
३११३०	अन्य पूँजीगत खर्च	१७,६४,२६९.००	१७,६४,२६९.००	१४,३७,६९९.००	१४,३७,६९९.००
३११५०	सार्वजनिक निर्माण	५,९१,९२,५१५.३२	५,९१,९२,५१५.३२	५,९०,९९,३८४.४६	५,९०,९९,३८४.४६
ख)	**कुल जम्मा भुक्तानी**	१७,८६,३३,१९५.४६	१७,८६,३३,१९५.४६	१३,५०,३७,७६३.४४	१३,५०,३७,७६३.४४
ग)	**बचत /कमी (ग = क-ख)**	१,२३,५२,१३३.३८	१,२३,५२,१३३.३८	३,१५,४७,५९८.७९	३,१५,४७,५९८.७९
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**	३१,४३,१९३.८३	३१,४३,१९३.८३	८३,२६,३४४.१३	८३,२६,३४४.१३
घ.१)	**कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी**				
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**	१,५४,९५,३२७.२१	१,५४,९५,३२७.२१	३,९८,७३,९४२.९२	३,९८,७३,९४२.९२
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**	७,०६,६०,७४३.५६	७,०६,६०,७४३.५६	३,०७,८६,८००.६४	३,०७,८६,८००.६४
छ)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**	८,६१,५६,०७०.७७	८,६१,५६,०७०.७७	७,०६,६०,७४३.५६	७,०६,६०,७४३.५६

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानून तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछ।

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमको सम्बन्धित मार्गदर्शनमा तोकिए बमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट व्यवस्थापन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलब सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा कानून बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूह बारे कानूनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष लाभ पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यवसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनुपर्दछ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौता बमोजिमको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप गर्ने कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधि भित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम हुने गरी शिक्षकहरूको दरबन्दी समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएको देखिएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फछ्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानून तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फछ्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेस्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेस्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फछ्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगत रूपमा अलग अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिताका लागि नागरिक सचेतना अभिवृद्धि कार्यक्रमका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह प्रणाली तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अद्यावधिक गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई सोही ऐनको दफा ७७(३) मा उल्लेख भए बमोजिम आन्तरिक लेखापरीक्षणको प्रतिवेदनले औंल्याएका कैफियत उपर अन्तिम लेखापरीक्षण हुनु भन्दा अगावै सम्परीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ।